# आन्तरिक गुणस्तर सुनिश्चितता निर्देशिका – २०८०

त्रिभुवन विश्वविद्यालय

पाथीभरा बहुमुखी क्याम्पस

ताप्लेजुङ

२०८०

# आन्तरिक गुणस्तर सुनिश्चितता निर्देशिका – २०८०

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
पाथीभरा क्याम्पस, ताप्लेजुङ
स्था : २०४७

विश्वविद्यालय अनुदान आयोग ऐन २०५० को दफा ६ (१) ले दिएको अधिकार शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रशासन नियमावली २०७४ ले समग्र उच्च शिक्षाको विकासलाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीसँग सम्बद्ध गर्दै उच्च शिक्षाको गुणस्तर सुनिश्चितताका लागि मापदण्ड, मानक तथा सूचकहरु निर्धारण गरी उच्च शैक्षिक संस्था तथा कार्यक्रमहरु सञ्चालन भएको सुनिश्चितता गरेर प्रत्यायन प्रमाणिकरण गर्न आयोगले सिफारिस गर्ने प्रावधान अनुरुप आन्तरिक गुणस्तर सुनिश्चितता निर्देशिका जारी भए अनुरुप निर्देशिका २०८० तय गरिएको छ ।

## १. सङ्क्षिप्त नाम र प्रारम्भ

क) यस निर्देशिकाको नाम आन्तरिक गुणस्तर सुनिश्चितता निर्देशिका, २०८० रहेको छ । अङ्ग्रेजीमा यो IQAC Directives – 2023 रहेको छ ।

ख) यो निर्देशिका पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङको क्याम्पस सञ्चालक समितिबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

ग) यो निर्देशिका पाथीभरा बहुमुखी क्याम्पसमा संचालित सबै कार्यक्रममा लागु हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा –

क) “विश्वविद्यालय” भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनु पर्दछ ।

ख) “ऐन” भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन २०४९ सम्झनु पर्दछ ।

ग) “नियम” भन्नाले त्रि. वि. ऐन अन्तर्गतका नियमहरु सम्झनु पर्दछ ।

घ) परिषद भन्नाले आयोगबाट गठित उच्च शैक्षिक गुणस्तर सनिश्चितता तथा प्रत्यायन परिषदलाई सम्झनुपर्दछ ।

ङ) निर्देशिका भन्नाले गुणस्तर सुनिश्चितता निर्देशिका, २०८० सम्झनुपर्दछ ।

च) नीति भन्नाले नेपाल सरकारको राष्ट्रिय शैक्षिक नीति, २०७६ सम्झनुपर्दछ ।

छ) आन्तरिक गुणस्तर सुनिश्चितता समिति भन्नाले पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङमा गठित IQAC समितिलाई सम्झनुपर्दछ ।

**३. क्याम्पसको आन्तरिक गुणस्तर सुनिश्चितता समिति (IQAC)**

क) पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङमा एक आन्तरिक गुणस्तर सुनिश्चितता समिति रहनेछ ।

ख) यस समितिको अध्यक्षता पाथीभरा बहुमुखी क्याम्पस, ताप्लेजुङका क्याम्पस प्रमुखले गर्नुपर्नेछ ।

ग) अध्यक्षको समयावधि तीन वर्षको रहनेछ ।

घ) समितिको बैठक तथा यस सम्बन्धी अन्य कार्यविधि प्रणाली समितिले निर्धारण गरी लागु गरे बमोजिम हुनेछ ।

**४. समितिको मुख्य काम कर्तव्य र अधिकार निम्नबमोजिम हुनेछ :**

क) आवश्यकताका आधारमा गुणस्तर तथा मापदण्ड, मानक र सुचकहरु निर्धारण गरी लागु गर्ने ।

ख) शैक्षिक अनुसन्धान तथा प्रशासनिक गतिविधि सञ्चालन भएको सुनिश्चित गर्ने ।

ग) गुणस्तर सम्परीक्षण (Quality Audit) सम्बन्धी व्यवस्था गर्ने ।

घ) कार्यको सुपरीवेक्षण गर्ने ।

ङ) कार्य सम्पादन भएको सुनिश्चित गर्ने ।

च) अनुगमन व्यवस्थाको कार्यान्वयन सहजीकरण गर्ने ।

छ) गुणस्तर संस्कृति (Quality Culture) अभिवृद्धि गर्ने गराउने ।

ज) सूचना प्रणाली EMIS लाई क्रियाशील बनाउन सहयोग गर्ने ।

झ) क्याम्पसको शैक्षिक गुणस्तर सूचक तयार गर्ने

ञ) विभिन्न विभाग तथा उप समितिहरुले सम्पादन गरेका कार्यहरुको अनुगमन गर्ने

ट) क्याम्पसको भौतिक, आर्थिक शैक्षिक पक्षको गुणस्तर अभिवृद्धिका लागि आवश्यक कार्य गर्ने तथा आवश्यक खर्च आर्थिक समितिमा सिफारिस गर्ने ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त पाथीभरा क्याम्पस, ताप्लेजुङ स्था : २०४७

## ५. क्याम्पसको गुणस्तर सनिश्चितता समिति

पाथीभरा क्याम्पस ताप्लेजुङ नियमावली २०७८ को परिच्छेद १० को दफा २० (२) को व्यवस्था अनुसार ३ सदस्यीय समिति भनिएकोमा उक्त सदस्य संख्या संशोधन गरी ७ सदस्यीय समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) पाथीभरा बहुमुखी क्याम्पसमा गुणस्तर सुनिश्चित समिति रहनेछ ।

ख) यस समितिको संयोजन गर्ने काम क्याम्पस प्रमुखको हुनेछ

ग) यस समिति विद्यार्थी गुणस्तर समूह (Quality Circle) अनिवार्य हुनेछ ।

घ) समितिको बैठक आवश्यकता अनुसार बस्नुपर्नेछ ।

ङ) बैठकको अध्यक्षता क्याम्पस प्रमुखले गर्नेछ ।

च) क्याम्पस प्रमुख नभएको समयमा वरिष्ठतम् सदस्यले अध्यक्षता गर्नुपर्नेछ ।

छ) समितिको सचिब आन्तरिक गुणस्तर सुनिश्चित समितिले तोक्नेछ ।

बैठकको निर्णय प्रमाणित गराएर राख्नुपर्नेछ । यसमा अध्यक्ष र सचिवको अनिवार्य दस्तखत हुनुपर्नेछ ।

## ६. विविध

क) कार्यविधि तयार लागु गर्न सक्ने : क्याम्पस/विभागले निर्देशिकाको प्रावधानहरुलाई कार्यान्वयन गर्दै आवश्यक कार्यविधि तयार गरी कार्य गर्न सक्नेछ ।

ख) मार्गदर्शन जारी गर्न सक्ने : क्याम्पसले समय समयमा आवश्यक निर्देशिका जारी गर्न सक्नेछ । सो को परिपालन गर्नु सबैको कर्तव्य हुनेछ ।

ग) संस्थागत संरचनामा समावेश भएको हुनुपर्ने : समिति क्याम्पसको संरचनामा अनिवार्य समावेश हुनुपर्नेछ ।

घ) गुणस्तर समन्वय समितिको व्यवस्था : आन्तरिक गुणस्तर सुनिश्चितता समितिका विभिन्न समितिका प्रमुखहरु सम्मिलित गुणस्तर समन्वय समिति गठन गरिनेछ ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
पाथीभरा क्याम्पस, ताप्लेजुङ
स्था : २०४७

### ७. व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार

यस कार्य निर्देशिकाको अन्तिम व्याख्या गर्ने अधिकार क्याम्पस सञ्चालक समितिमा रहने छ । यस निर्देर्शिकाको कार्यान्वयन गर्ने सिलसिलामा आइपर्ने बाधा अड्काउ फुकाउने अधिकार पनि यस क्याम्पस सञ्चालक समितिलाई हुनेछ ।